# रमजानको व्रत

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधकः मुहम्मद इदरीस सलफी**

2014 – 1435

IslamHouse.com

# صيام رمضان

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले रमजानको व्रतको बारेमा केही लेख्ने प्रयास गरेको छु र रमजान महीनाको विशेषता र त्यसमा राखिने व्रतको बारेमा संक्षिप्त जानकारी प्रमाणहरू द्वारा सिद्ध गरेछु, साथै यसबारे समस्त संकास्पद प्रश्न र त्यसको उत्तर पनि वर्णन गर्ने प्रयास गरेछु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाईदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

इस्लामको आधारहरू मध्ये एउटा आधार रमजान महीनाको व्रत बस्नु पनि हो । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : इस्लामका आधार पाँचवटा छन् :

(१) लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु ।

(२) नमाज कायम गर्नु ।

(३) जकात (धर्मदाय) दिनु ।

(४) रमजान महीनाको व्रत बस्नु ।

(५) हज्ज गर्नु । ( बुखारी, मुस्लिम )

तात्पर्य यो कि रमजान महीनाको व्रत हामी माथि अनिवार्य छ । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : आस्थावानहरू हो ! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलेका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । ( सूरतुल् बकरः १८३ )

व्रत (सौम)को अर्थ : सौम भनेको अरबी शब्द हो जसको शाब्दिक अर्थ हो रुक्नु, त्याग्नु, छाड्नु..... आदि ।

र इस्लामीय विधान अनुसार यसको अर्थ हो, प्रभात ( प्रातःकाल) देखि सूर्य अस्त नहुन्जेल खान पान, गाली गलोज, संभोग झूठ .... आदिबाट रुक्नु, त्यसलाई त्याग्नु, र ती समस्त कुराहरूलाई त्याग्नु जुन व्रतलाई भंग गर्छन् ।

रमजान महीनाको व्रत प्रत्येक बुद्धिमान, व्यस्क, मुसलमानहरू माथि अनिवार्य छ ।

# रमजान महीनाको महत्व एवं श्रेष्ठता

❁ रमजानको महीना इस्लामी कैलेन्डरको ९ महीना हो। जुन सालका समस्त महीनाहरू माथि प्रधानता प्राप्त छ, र सबै महीनाहरूबाट श्रेष्ठ छ।

❁ यो महीना त्यो महीना हो जस महीनामा अल्लाहले आफ्नो अन्तिम नबी र समस्त रसूलहरूको समापक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि कुरआनको अवतरण गऱ्यो। जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : रमाजानको महिना त्यो हो जुन महीनामा कुरआन उतारियो ( सूरतुल् बकरः १८५ )

❁ यस्तै यस महीनामा एउटा यस्तो रात्री पनि छ जसलाई हामी **लैलतुल् कद्र**को नामले जानछौं, जसमा गरिएका पूजा अराधना एक हजार महीनाको पूजा उपासनाबाट अधिक तुल्याइन्छ। जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : हामीले यस (कुरआन) लाई क़द्रको रातमा अवतरित गऱ्यौं। र तिमीलाई के थाहा कि शबे क़द्र (गौरवको रात्री) के हो ? शबे क़द्र एक हजार महीना भन्दा राम्रो छ। यसमा रूहुल अमीन (जिब्राइल) र फरिश्ताहरू प्रत्येक काम सम्पन्न गर्नको लागि, आफ्नो पालनकर्ताको आदेशबाट अवतरित हुन्छन्। यो रात पूर्णतया शान्ति र भलाईको हो, उषाकालको उदय हुनेसम्म। ( सूरतुल् कद्र १-५ )

❁ यस महीनामा समस्त उपाधि र उपद्रवी शैतान भूतप्रेतहरूलाई जन्जीरबाट बाँधिएर थुनिन्छ, र स्वर्गको ढोका

खोलिन्छ, र नर्कको ढोका थुनिन्छ । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जब रमजानको महीना आउँछ त स्वर्गको ढोका खोलिन्छ, र नर्कको ढोका बन्द गरिन्छ, र शैतानहरूलाई जन्जीरहरू द्वारा बाँधेर थुनिन्छ । ( बुखारी, मुस्लिम )

❁ यस्तै रमजानको रात्रीमा नमाज कायम गरेमा मान्छे पाप मुक्त भइहाल्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले ईमान (आस्था)को अवस्थामा र पुण्यको आशाले रमजानको रात्रीमा नमाज कायम गऱ्यो त्यसका विगतका समस्त पापहरू क्षमा गरिन्छ । ( बुखारी, मुस्लिम )

❁ रमजानको महीनामा सुन्नतको पुण्य फर्ज झैं भइहाल्छ र प्रत्येक सुकर्मको प्रतिफल ७० देखि ७०० सम्म दिइन्छ ।

# व्रतको महत्व

❁ व्रत बसेमा अल्लाह र अल्लाहका रसूलको अनुशरण गरिन्छ । व्रत बसेर मान्छे आफ्नो पालनकर्ताको अनुशरण गरी त्यसको प्रसन्नता प्राप्त गर्छ र त्यसको दयाको पात्र बन्छ ।

❁ व्रत बसेमा विगतका समस्त पाप दोषहरू माफ हुन्छन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले रमजानको दिनमा व्रत बस्यो र रात्रीमा नमाज कायम गऱ्यो त्यसका समस्त विगतका पापहरू क्षमा गरिदिइन्छ । ( बुखारी, मुस्लिम )
र आर्को हदीसमा वर्णन छ :
अर्थ : जसले ईमानको अवस्थामा र पुण्यको आशा लिई रमजानको व्रत बस्छ त्यसका सबै पछिल्लो पापहरू माफ गरिन्छ । ( बुखारी, मुस्लिम )
❁ स्वर्गमा एउटा यस्तो ढोका छ जसको नाम **रैयान** हो, जसद्वारबाट मात्र व्रत बस्नेहरू नै प्रवेश पाउँछन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :
अर्थ : स्वर्गमा रैयान नामक एउटा यस्तो ढोका छ जसमा कियामत ( प्रलय )को दिन मात्र व्रतालु नै प्रवेश पाउने छन्, र यिनीहरू बहेक कुनै आर्को व्यक्ति त्यस द्वारबाट प्रवेश गर्दैन, जब त्यस ढोकाबाट सबै व्रतालु प्रवेश भइहाल्छन् त त्यसलाई बन्द गरिदिइन्छ । ( बुखारी, मुस्लिम )
❁ प्रत्येक सुकर्मको पुण्य, प्रतिफल इस्लाममा तोकिएको छ तर व्रत एउटा यस्तो सुकर्म हो जसको प्रतिफल अल्लाहले आफूसित नै आरक्षित गरेको छ। जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हदीसे कुदसीमा भन्नुहुन्छ :
अर्थ : अल्लाहको भनाई छ कि आदमका सन्ततिहरूको प्रत्येक कर्म उसैको लागि हो व्रत बाहेक, यो व्रत मेरो लागि हो, र म नै यसको उचित प्रतिफल दिनेछु। ( बुखारी, मुस्लिम )
**हदीसे कुदसी** : त्यस हदीसलाई भन्निछ जस्को शब्द त रसूल सल्लल्लाहो अलैहे वसल्लमको तर्फबाट होस् तर अर्थ

अल्लाहको तर्फबाट होस् । अर्थात जस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लम यो भनुन् कि काला रब्बी वा यकूलुल्लाहो कजा.... ।

# व्रत अनिवार्य हुनुको उद्देश्य

❁ व्रतबाट अल्लाहको भयत्रास प्राप्त हुन्छ, र अल्लाहको निकटता एवं प्रसन्नता प्राप्त हुन्छ। किनकि दास लुकेर खान पान गर्न सक्छ र अरु कुनै अवैधानिक कार्य गर्न सक्छ, तर यस्तो गर्दैन मात्र अल्लाहको प्रसन्नता पाउनको लागि र त्यसको कष्टदायक सजायबाट बच्नुको लागि ।

❁ व्रतबाट अमानवीय र अवैधानिक कार्यबाट बाँच्नुको प्रसिक्षण दिइन्छ कि यदि दास एक महीना निरंत्रताले सबै अवैधानिक र अमानवीय क्रियाकलापलाई त्यागन सक्छ भने जीवन भरी यसो गर्न सक्छ । यसले गर्दा दासमा आत्मविश्वासको सृजना हुन्छ, अनि दास वास्तवमा सबै अवैधानिक कार्यलाई त्यागेर भद्रपुरुष बनिहाल्छ ।

❁ व्रत मान्छेलाई संयमी र धैर्यवान बनाउँछ । जब दास भोक तिर्खा र अरु सबै कुराहरूमा धैर्यले संयम राख्छ त त्यसको आत्मा र शरीरले संयमको बानी बसाली संयम गर्नुमा सामर्थ्यवान भइहाल्छ, अनि त्यो मान्छे धैर्यवान भइहाल्छ ।

❁ व्रतबाट गरीब, निसहाय, निमुखा भोका .... आदिको अवस्थाको बारेमा ज्ञान हुन्छ । सदैव अभावको पीडा सहन

गर्ने मान्छेहरूको अवस्थाको बारेमा थाहा हुन्छ । अनि दास उनीहरूको सहायता गर्नुतर्फ प्रवृत्त हुन्छ ।

❁ व्रतबाट मेलमिलाप भाइचाराको सृजना हुन्छ । जब दास आफ्ना भोकाएका भाइहरूलाई भोजन गराउँछ त दुवै बीच माया र आदरको भावना उत्पन्न हुन्छ । र एक आर्काको काम लाग्ने भावनाको उत्पात हुन्छ, यसले गर्दा समस्त समाज सुख शान्तिले रमाउँछ । र जुन खाल्टो हाम्रो समाजमा समृद्ध र गरीबहरू बीच देखिन्छ त्यो समाप्त हुन्छ । र यस जस्ता अरु उद्देश्यहरू छन् जसलाई वर्णन गर्ने यो ठाउँ होइन ।

## व्रत कहिले देखि आरम्भ गर्ने

रमजान महीनाको व्रत रमजान महीनाको चन्द्र हेरी नै आरम्भ गर्नुपर्छ । यदि एउटा मान्छेले पनि चन्द्र हेरेछ भने पुग्छ । र रमजान महीनाको व्रतको आरम्भ गरिन्छ । यदि बादलको कारण चन्द्र देखिदैन भने रमजान भन्दा पहिलाको महीना शअ्बानलाई तीस दिन पूरा गरी मात्र व्रतको आरम्भ गर्नुपर्छ ।

यस्तै व्रतको अन्त पनि शौव्वाल महीनाको चन्द्र हेरी नै गर्नुपर्छ जसलाई ईदको चाँद पनि भनिन्छ । र शौव्वाल महीना रमजान पश्चात आउने महीनालाई भनिन्छ जसमा ६ वटा व्रत बस्नुको सबूत हदीसहरूमा देखिन्छ ।

# व्रत बस्ने तरिका

व्रत बस्नुको लागि सर्वप्रथम चन्द्र हेरे पश्चात नुहाई धोई सफा स्वच्छ र पवित्र हुनुपर्छ। र यस महीनामा पूर्णतः नमाज र कियामुल्लैल (तरावीह)को पाबन्दी गर्नुपर्छ । चन्द्र हेरेको राती सहरी ( सर्गी ) बनाउनु पर्छ यसको समय लगभग २ अथवा ३ बचे रातीमा हो, तर याद रहोस् कि सर्गी गर्नुमा हतार गर्नु हुन्न बरु यसको समय सीमा फज्रको अजान सम्म हो । जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : इफ्तारमा हतार गर्नु र सहरीमा ढीलो गर्नुमा मेरो अनुयायीहरूको लागि भलाई नीहित छ । ( मुस्नद अहमद )

अनि फज्रको अजान सुने पश्चात सर्गी खानुहुन्न बरु खाने कर्मलाई त्याग्नु पर्छ । उत्तम त यो हो कि फज्रको अजान भन्दा पाँच दश मिनेट पहिला नै सर्गी खाएर फज्र नमाजको प्रतिक्षा गरियोस् भने झन राम्रो हो ।

अब दिनभरी केही न खाने, चुक्ली, छस्केरी, पिशुनता, झूठ ....आदिबाट बाँच्ने । र यदि कसैले वर्तालु मान्छेलाई गाली गरोस् भने यो भनोस् कि हे भाइ म त व्रत बसेको छु । अर्थात गालीको सट्टा गाली नगरोस् । र समस्त कुकर्महरूबाट टाढा रहोस् । र अल्लाहको अधिक भन्दा अधिक गुणगान गरोस् । र यदि सिक्षित मान्छे छ भने कुरआनको पाठ गरोस्

सिक्षित छैन भने कुरआनको पाठ सुनोस् । र जमाअत (समूह) को साथ नमाजलाई कायम गरोस् ।

अनि सूर्य अस्ताए बित्तिकै इफ्तार गरोस् । इफ्तार गर्ने बखतको दुआ यो हो : " जहबज्जमाओ वबतल्लतिल ओरूको वसबतल अज्रो इन्शाअल्लाह " । ( अबू दाऊद, नेसाई )

र इफ्तारी गर्नुमा हतार गर्ने आदेश छ सहरी झैं ढीलो गर्नु हुन्न । अर्थात सूर्य अस्ताए पश्चात तुरुन्तै इफ्तार गर्नुपर्छ । यो शंका गरी बस्नु हुदैन कि शायद सूर्य अस्ताएछैन वा अलि प्रतिक्षा गर्नुमा के हानि भइहाल्छ । र यस्ता भावनाहरूलाई पर फाली सूर्य अस्ताएको विश्वास भए पश्चात तुरुन्तै इफ्तर गर्नु नै सुन्नतको तरिका हो । र सबै शंकास्पद भावनाहरू शैतानको तर्फबाट हो त्यसलाई तुरुन्तै पर फाल्नु नै उत्तम र सुन्नतको तरिका हो । अर्थात यस्ता शंकास्पद भावनहरूमा परी इफ्तारमा ढीलो गर्नुबाट मनाही गरिएको छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जब सम्म मेरा उम्मतका मानिसहरू इफ्तार गर्नुमा हतार गर्छन् तब सम्म इस्लामको वर्चस्व सबै धर्म माथि कायम रहने छ, किनकि यहूदी र ईसाईहरू इफ्तार गर्नुमा ढीलो गर्दछन् । ( अबू दाऊद )

र इफ्तार गर्दाखेरि जुन सुकै दुआ पनि माँग्न सकिन्छ किनकि इफ्तारको बेला दुआ कबूल हुने बेला हो । यो समयमा दोआ गर्नु अति उत्तम हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : व्रतालुको दुआ अस्वीकृत हुँदैन । ( इब्ने माजा )

# व्रत भंग गर्ने कुराहरू

यी ती कुराहरू हुन जसबाट व्रतालुलाई बाँच्नु अति आवश्यक छ :

❁ जानी बुझी खानु पिउनु । अल्लाहको फर्मान छ :

अर्थ : तिमीले तब सम्म खान पीन गर जबसम्म कि प्रात:को सेतो धर्को (रातीको) कालो धर्कोबाट स्पष्ट भई नजाओस् । फेरि ब्रतबसी) साँझसम्म रोजा पूरा गर .... । ( सूरतुल् बकर: १८७ )

तर मान्छेले यदि बिर्सेर खायो पियो भने कुनै दोष छैन। रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जसले बिर्सेर खायो पियो त्यसलाई चाहियो कि आफ्नो व्रत पूर्ण गरोस्, किनकि त्यसलाई अल्लाहले आफ्नो कृपाले खुवाएको छ । ( बुखारी, मुस्लिम )

❁ व्रतको अवस्थामा महिला सित संभोग गर्नु । अर्थात श्रीमतीको गुप्ताङ्गमा सहवास गर्नु । तर इफ्तार गरे पश्चात वा रात्रीमा सहवास गर्ने अनुमति छ । अल्लाहको फर्मान छ :

अर्थ : रोजाको रात्रीमा तिमीलाई आफ्नो स्वास्नीसित सहवासको अनुमति दिइएको छ । तिनीहरू तिम्रा वस्त्र हुन् र तिमीहरू उनका वस्त्र हौ । अल्लाहलाई त्यस कुराको जानकारी छ जुन कि तिमीहरूले गोप्य रूपले गर्दथ्यौ । ( तसर्थ) उसले तिमीमाथि कृपा गरी तिम्रो क्षमायाचना स्वीकार गरी तिम्रो क्रियाकलापहरूलाई क्षमा गरिदियो अब तिमीलाई सहवासगर्ने र अल्लाहले जे निर्धारित गरेको छ त्यस चीजको

खोजी गर्न इजाजत छ । तिमीले तब सम्म खान पीन गर जबसम्म कि प्रातःको सेता धर्को (रातीको) कालो धर्कोबाट स्पष्ट भई नजाओस् । फेरि ब्रतबसी) साँझसम्म रोजा पूरा गर र जब तिमी मस्जिदहरूमा एतिकाफ (एकान्तमा उपासना) को लागि बसेका हुन्छौ, तब आफ्ना स्त्रीसित सहवास नगर । यी अल्लाहबाट निर्धारित गरिएका सीमा हुन्, तिनीहरू छेउ पनि नजानु । यस्तै किसिमले अल्लाह आफ्ना आयतहरू मानिसहरूलाई स्पष्ट रूपमा वर्णन गर्दछ, ताकि तिनीहरू आत्मसंयमी बनुन् । ( सूरतुल् बकरः १८७ )

र व्रतको अवस्थामा यदि कसैले सहवास गरिहाल्यो भने त्यसमाथि दण्ड छ, र त्यसको त्यस दिनको व्रत पनि भंग हुन्छ । दण्ड यो हो कि यदि सामर्थ्य छ भने एक दास मुक्त गरोस् । यसको क्षमता छैन भने दुई महीनाको निरंतर व्रत बसोस् रमजान महीन गुज्रे पश्चात । यसको पनि शक्ति छैन भने ६० गरीब मिस्कीनहरूलाई एक बखतको खाना खुवाओस् । यदि यसको पनि क्षमता छैन भने त्यसमाथि केही छैन मात्र अल्लाह सित क्षमायाचना गरोस् । बुखारीको हदीसमा वर्णन छ अबू हरैरह वर्णन गर्नु हुन्छ कि “ हामी रसूल सल्लल्लाहो अलैहे वसल्लम नजिक बसेका थियौं अनि एउटा मान्छे आयो र भन्यो हे अल्लाहको रसूल मैले व्रतको अवस्थामा नै आफ्नो श्रीमती सँग सहवास गरें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : तिमीलाई एउटा दास स्वतंत्र गर्नुपर्छ । त त्यस मानछेले भन्यो : हे अल्लाहको रसूल मेरो यो गर्दन बाहेक अरु कुनै गर्दन छैन जसलाई म

स्वतंत्र गरूँ । त  रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : दुई महिनाको निरंतर वर्त बस्नु पर्छ । त त्यस मान्छेले भन्यो : म यसको शक्ति आफूमा पाउँदैन  । त उहाँले भन्नु भयो :  साठ मिस्कीनलाई भोजन गराउनु पर्छ । त त्यस मान्छेले भन्यो : हे अल्लाहको रसूल मसित यदि क्षमता छैन कि कसैलाई भोजन गराऊँ । अनि केही बेर पश्चात कतैबाट सदकाको खजूर आयो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेलाई भन्नु भयो : यो लिएर जाऊ र गरीबहरूलाई खुवाऊ । त त्यस मान्छेले भन्यो : हे अल्लाहको रसूल यो मदीना शहरमा म भन्दा गरीब कोही पनि छैन । त रसूल सल्लल्लाहो अलैहे वसल्लम हाँस्दै भन्नु भयो जाऊ आफू खाऊ र आफ्नो परिवारलाई खुवाऊ ” ( बुखारी, मुस्लिम )

❁ सहवास बाहेक कुनै तरिकाले पनि वीर्य निष्कासित गर्नु चाहे त्यो हस्तमैथुनले होस् वा चुम्बन लिई वा अरु कुनै तरिकाले मान्छेको व्रत भंग भइहाल्छ ।

❁ पुरुषको गुप्ताङ्गको सुपाडी महीलाको गुप्ताङ्गमा प्रवेश पाए बित्तिकै व्रत भंग हुनेछ चाहे वीर्यको पतन होस् वा नहोस् ।

❁ रगत निष्कासित गरेमा पनि व्रत भंग हुनेछ चाहे त्यो सिंघी लगाएर होस् वा कसैलाई दान गरी । तर उपचारको लागि अर्थात उपचार गर्नुको विषयमा रगत अनुसंधानको लागि निकालिएको छ भने कुनै फर्क छैन । यस्तै आफै नाक वा मुखबाट रगत निस्केमा कुनै फर्क पर्दैन, व्रत सही हुनेछ ।

❁ टानिक, गलुकोज, सलाइन, एवं शक्तिको लागि प्रोटीनयुक्त इन्जेक्शन लिएमा व्रत भंग भइहाल्छ । तर यस्तो

इन्जेक्शन जुन शक्तिको लागि हैन बरु कुनै विरामीको कारण लिइन्छ त्यसबाट व्रत भंग हुँदैन ।

❁ धुम्रपानका समस्त कुराहरू र नशीला पदार्थहरूको सेवनबाट पनि व्रत भंग हुन्छ ।

❁ जानी बुझीकन् उल्टी ( बन्ता ) गर्नुले पनि व्रत भंग भइहाल्छ । तर आफै उल्टी आएमा कुनै दोष लाग्दैन तिर्मिजीको एउटा हदीसमा वर्णन छ कि " जसलाई पनि व्रतको अवस्थामा उल्टी आयो त्यसमाथि कजा छैन, तर जसले स्वयम् जानेर उल्टी गर्छ भने त्यसमाथि कजा अनिवार्य भइहाल्छ " । ( तिर्मिजी )

❁ महिलालाई मासिक धर्म ( रजस्वला ) अथवा प्रसूतिको रगत आएमा त्यसको व्रत भंग हुन्छ, चाहे त्यो रगत सूर्यास्त भन्दा एक मिनेट पहिला किन न आएको होस् । र यस्तो अवस्थामा व्रत बस्नु महिलाको लागि हराम छ । तर यदि कसैलाई रोगको कारण जसलाई अरबी भाषामा इस्तिहाजा भनिन्छ रगत आयो भने त्यसको व्रतमाथि कुनै हानि नोक्सानी पर्दैन बरु त्यस महिलाको व्रत दुरुस्त (शुद्ध) हुनेछ ।

## कस कसलाई व्रत बस्नुबाट अनुमति प्राप्त छ

❁ यस्ता रोगीहरू जसले व्रत बस्दा त्यसको रोगमा वृद्धि हुने खतरा छ । तर जब रोगी स्वस्थ भइहालोस् त यस दिनको सट्टा कजा गर्नु जरूरी छ ।

❁ दीर्घायु भएका अथवा सदैव रोगी रहीरहने व्यक्तिहरूलाई यो अनुमति छ कि व्रत नबसी त्यसको सट्टामा एक एक गरीबलाई प्रतिदिन खाना खुवाओस् ।

❁ यात्रुको लागि यो अनुमति छ कि त्यो व्रत नबसोस् तर अरु दिनमा त्यसको कजा गरी भरपाई गरोस् । अल्लाहको फर्मान छ :

अर्थ : तिमीहरूमध्ये जसले पनि यो महीना पाओस् त्यसले पूरा महिनाको ब्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ ऊ अन्य दिनहरूमा (व्रत बसी) त्यसको गणना पूरा गरोस् । अल्लाह तिम्रो निम्ति सुविधा चाहन्छ कठोरता चाहदैन । उसले चाहन्छ कि तिमीले (रोजाको) गिन्ती पूरा गर र अल्लाहले मार्गदर्शन गरेवापत उसको प्रशंसा वर्णन गर, ताकि उसप्रति कृतज्ञ बन्न सक । ( सूरतुल् बकरः १८५ )

❁ मासिक धर्म अथवा प्रसूतिको रगत आएको महिलालाई व्रत बस्नु हराम छ । बरु त्यसमाथि आर्को दिनमा व्रत बसी गणना पूरा गर्नु नै वैधानिक छ ।

❁ गर्भवती अथवा आफ्नो शिशुलाई दूध खुवाउने महिलालाई व्रत नबस्ने अनुमति छ यदि व्रत बसेमा त्यसलाई वा त्यसको बच्चालाई हानि पुग्ने खतरा होस् । बरु यसको सट्टामा आर्को दिनहरूमा गन्तीको गणना पूरा गरोस्

# रमजानको व्रत नबस्ने मान्छेको हुकुम

जुन सुकै मुसलमान व्यक्तिले रमजानको महीनाको व्रत अकारण बस्दैन वा व्रतलाई भंग गरिदिन्छ भने त्यो महापाप गरिरहेछ । यस्तो व्यक्ति अल्लाहको आदेशको उल्लंघन गरी रहेछ, यस्तो मान्छे माथि यो अनिवार्य भइहाल्छ कि तुरुन्तै अल्लाहसित क्षमायाचना गरोस् ।

तर जुन व्यक्तिले व्रतको अनिवार्यताको इन्कार गर्छ त्यो व्यक्ति काफिर भयो । र यस्तो व्यक्तिको मृत्यु यदि यसै अवस्थामा हुन्छ भने त्यो नर्कबासीहरू मध्येको हुनेछ ।

# व्रतको अवस्थामा पेश आउने केही प्रमुख समस्याहरूको वर्णन

❁ घाँटीमा धुलो परेमा, कुल्ला गर्दा वा नाकमा पानी हाल्दा खेरि घाँटीमा पानी परेमा, अथवा सहवासको बारेमा सोच्दा वीर्यको पतन भएमा , वा स्वप्नदोष भएमा व्रत भंग हुँदैन ।

❁ जुन व्यक्तिहरू माथि व्रतको कजा छ त्यसलाई अकारण ढीलो गर्नुहुन्न, यदि कसैले अकारण ढीलो गर्‍यो र आर्को रमजानको महीना आयो भने कजा गर्दाखेरि एक गरीबलाई खाना पनि खुवाउनु पर्छ। यो अकारण कजामा विलम्ब गर्नुको जरिमाना हो ।

❁ यदि बच्चा रमजानको दिनमा व्यस्क भयो वा बहुलहा बुद्धिमान भयो भने त्यस दिनको कजा गर्नु त्यस माथि जरूरी भयो ।

❁ रात्री वा दिनमा स्वप्नदोष भएमा व्रतमा कुनै फर्क पर्दैन ।

❁ रमजान महीनामा आफ्नो श्रीमतीसंग रात्रीमा सहवास गर्नु जायज छ । र यदि सहवास गरे पश्चात यस्तो निदायो कि सूर्य उदायो भने त्यसको व्रतमा कुनै फर्क पर्दैन त्यसको व्रत सही छ ।

❁ महिलाहरूले व्रत बस्नुको निम्ति मासिक धर्म रोक्नुको लागि औसधी प्रयोग गर्न सक्छिन् यस शर्तको साथ कि उनीहरूको स्वास्थ्यलाई कुनै हानि नहोस् ।

❁ मुखमा भएको थुक र खकार निल्नु जायज छ ।

❁ व्रत बसेको अवस्थामा सुरमा लगाउनु जायज छ । यस्तै कान र आँखमा औसधी हाल्नु पनि जायज छ । तर यसबाट सतर्कता नै राम्रो छ ।

❁ वर्तालुलाई मिस्वाक गर्नु र मंजन गर्नु जायज छ ।

❁ रमजानको प्रतिदिन कुनै गरीबलाई इफ्तार गराउनु अति पुण्यको र सराहनीय कार्य हो ।

❁ व्रतालुले आफ्नो कपालमा तेल लगाउन सक्छ ।

❁ व्रतको अवस्थामा धेरै घाम वा गर्मी लागेमा टाउकोमा पानी हाल्नले व्रत भंग हुँदैन । यस्तै कुल्ला गर्नुमा कुनै फर्क छैन ।

❁ प्रत्येक नमाजको लागि वजू गर्दाखेरि मिस्वाक गर्नु सुन्नत अनुकूल कार्य हो ।
❁ यदि कुनै व्रतालुलाई कुनै कुरा खानुमा विवश गरियोस् भने त्यसको व्रत भंग हुँदैन ।
❁ व्रतालुले भोजनमा नुन छ कि छैन यसलाई जान्नुको लागि नुन चाखेमा कुनै फर्क पर्दैन ।
❁ व्रतालुले आफ्नो श्रीमतीलाई मात्र चुम्बन लिएमा व्रत भंग हुँदैन ।
❁ तरावीहको नमाज कुरआन हेरेर पढाउन सकिन्छ ।
❁ सद्कतुल फित्र रुपैयाँमा पनि निकाल्न सकिन्छ ।
❁ आवश्यक भएमा दाँत उखेल्नले व्रत भंग हुँदैन ।

# एतकाफको वर्णन

बुद्धिमान मुसलमान मान्छेले अल्लाहको स्तुति गर्नुको लागि मस्जिदमा केही घन्टा वा केही दिनको लागि एकान्तमा बस्नुलाई एतकाफ भनिन्छ ।
एतकाफ बस्ने मान्छेमाथि यो अनिवार्य छ त्यो ठूलो अपवित्रताबाट पाक र पवित्र होस् । र बिना आवश्यकता मस्जिदबाट न निस्कोस् । र एतकाफ मात्र मस्जिदमा नै बसिन्छ कतिपय जना आफ्नो घरमै एतकाफ बस्दछन् तर यो सुन्नतको विरोध हो यसो गर्नु जायज छैन ।

एतकाफ विशेष रूपले रमजानको महीनामा बसिन्छ तर साल भरीमा कुनै महीनामा पनि बस्न सकिन्छ। यसको लागि कुनै बन्देज छैन तर रमजानको महीनामा पुण्य अधिक हुन्छ यसै कारण अधिकतम् मान्छेहरू यसै महीनामा एतकाफ बस्छन्। यस्तै दश दिन वा पाँच दिन नै बस्नु पर्छ यसको कुनै बन्देज छैन बरु आफ्नो शक्ति अनुसार जति पनि बस्न सकिन्छ। तर रमजान महीनाको अन्तिम पाख अर्थात अन्तिम दश दिनको एतकाफ बस्नु अति उत्तम मानिन्छ।

यदि एतकाफ बसेको मन्छेले श्रीमती सित सम्भोग गऱ्यो भने त्यसको एतकाफ भंग हुनेछ।

यस्तै एतकाफ बसेको मान्छेलाई चाहियो कि अधिक भन्दा अधिक अल्लाहको स्तुति र गुणगानमा व्यस्त रहोस् र अनावश्यक कुराकानी नगरोस् यो नै सुन्नतको अनुकूल छ।

# ईदको पर्व र सद्‌कतुल फित्र

रमजानको व्रत समाप्त भए पश्चात शौव्वालको पहिलो तारीखको दिन ईदको पर्व मनाइन्छ। ईदको चन्द्र हेरे पश्चात घरका समस्त सदस्यहरूको तर्फबाट सदकतुल फित्र निकाल्नु जरूरी छ। प्रत्येक सदस्यको तर्फबाट लगभग दुई किलो ५०० ग्राम खाने कुरा जसरी चामल, गहुँ, खजूर .... आदि निकाल्नु पर्छ, र यसको सट्टामा त्यसै बराबरको दाम रुपैयाँमा पनि निकाल्न सकिन्छ तर खाने कुरा निकाल्नु नै उत्तम छ। र यस सदकालाई ईदको नमाज पढनु भन्दा पहिला अथवा

ईदगाह जानु भन्दा अघि नै गरीबहरूमा वितरण गर्नु जरूरी छ। ईदको नमाज पढे पश्चात यसलाई वितरण गर्नुमा यसको उद्देश्य पूर्ण हुँदैन ।
र यस सदकालाई रमजानको दुई चार दिन शेष बाँकी रहँदा पनि निकाल्न सकिन्छ जसले गर्दा त्यसका वास्तविक अधिकारीहरू सम्म त्यसलाई पुऱ्याउन सकियोस् ।
ईदको दिन सके सम्म राम्रो अथवा नौलो लुगा लगाउने प्रयास गर्नुपर्छ । र यसको साथ साथै राम्रो खुश्बू इत्र आदिको प्रयोग गर्ने, आफ्नो खुशियालीलाई जाहेर गर्ने, तर अवैधानिक तरिकाले होइन बरु वैधानिक तरिकाले। र ईदगाह जाँदाखेरी तकबीर भन्दै जाने अल्लाहको स्तुति गर्दै जाने । ईदको तकबीर यो हो," अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर, लाइलाहा इल्लल्लाह, अल्लाहु अकबर, अल्ललाहु अकबर वलिल्लाहिल्हम्द, अल्लाहु अकबर कबीरा, वलहम्दुलिल्लाहे कसीरा, वसुबहानल्लाहे बुक्रतौंवअसीला "।
यो तकबीर ठूलो स्वरमा पढनुपर्छ र बारम्बार पढनुपर्छ। र बच्चाहरूलाई स्नेहले चुम्ने, उनीहरूलाई खुश गर्नुको लागि नयाँ लुगा किनेर दिने, रुपैयाँ दिने ...... आदि ।
तर ईदको दिन पटाका पडकाउने वा नाच गान गर्ने सख्त मनाही छ यस दिन कुनै यस्तो कार्य नगर्ने जसबाट कुनै आर्को धर्मबाट अनुरूपताको बोध होस् ।
ईदगाह गएर विनम्रता पूर्वक बस्ने, एक आर्कालाई खुशीले बधाई दिने, र ईदको नमाज पढने बेला जमाअतको साथ

नमाज पढने । र नमाज पश्चात इमामको खुत्‍बा सुन्ने त्यस पछि मात्र फर्कने ।

ईदगाहमा मासिक धर्म वा सुत्केरीको रगत आई रहकी युवतीहरूलाई पनि जाने आदेश छ यिनीहरू ईदको नमाज त पढन पाउँदैनन किनकि त्यस अवस्थामा नमाज पढनु जायज छैन तर इमामको खुत्‍बा सुन्छिन् र यो ईदको खुशीमा बराबरको भागीदारी पनि दर्शाउँछिन । अल्लाह हामी सबैको व्रतलाई कबूल गरुन् ( आमीन )

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा प्रेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email- atiqkhannp1982@yahoo.com